## २०८० कार्तिक १७गते रातिजाजरकोट केन्द्रविन्दु बनाई गएको भूकम्पबाट प्रभावित क्षेत्रमा अस्थायी घर टहरा निर्माण सम्बन्धी पार्टीको तर्फबाट गरिने श्रमदान सम्बन्धिकार्यविधि

(क) **श्रमदानको प्रकृति**

१. **पार्टीको तर्फबाट बनाइने अस्थायी घर टहरा संख्याः**१००० (पहिलो चरणमा)।

२. **श्रमदानको प्रकृतिः**अस्थायी घर टहरा निर्माण कार्यमाश्रमदान।

३. **श्रमशक्तिको संख्याः** २५ समूह, प्रत्येक समूहमा १० जना रहनेछन्। प्रत्येक समूहमाकम्तीमा १ जनानिर्माण सम्बन्धी विज्ञ, २ जनादक्षमिस्त्री र ७जना स्वयंसेवक रहने छन्।

५. **जनशक्तिको स्रोतः** नेपालीकांग्रेसकाभ्रातृ संघ तथाशुभेच्छुक संस्थाहरु।

६. **समूहको संयोजनः** पार्टीले तोकेका केन्द्रीय सदस्यले गर्नेछन्।

७. **कार्यावधीः**प्रत्येक समूहले बाटोको म्याद सहित७दिनकार्य गर्नेछन्। १० जनाको समूह एकै स्थानमा अस्थायी बसोबास गरि श्रम प्रदानगर्नेछन्।

(ख) **साधन स्रोतः**

१. प्रत्येक समूहले आफ्नो कार्यावधीको खाने, बस्ने लगायतकाखर्च आफै व्यवस्थागर्नेछन्।

२. यीकुनै पनि समूहवा समूहमा आवद्ध व्यक्तिले भूकम्प पिडित व्यक्ति परिवारलाई कुनै पनिकिसिमको आर्थिक भार पार्ने छैनन्।

३. भूकम्प पीडित परिवारलाई अस्थायी घर टहरा निर्माण गर्न उपलब्ध गराएको आर्थिक सहयोग रकमसँग यो श्रमदान सम्बन्धित रहनेछैन।

(ग) **प्राथमिकता**

१. भूकम्पप्रभावित क्षेत्रको भूगोल तथा विकटतालाई प्राथमिकतादिई सबै क्षेत्रमान्यायोचित सेवा पुऱ्याउनेछन्।

२. भूकम्पप्रभावित क्षेत्रका सुत्केरी महिला, वृद्ध-वृद्धा, दीर्घ रोगी, अपाङ्गता, गंभीर घाईते भएकाएवं आर्थिक सामाजिक दृष्टिले पिछडिएको परिवारको अस्थायी घर टहरा निर्माणमा पहिलो प्राथमिकता रहनेछ।

(घ) **समूहनिर्माणः**

१. पार्टीको भ्रातृ संघ र शुभेच्छुक संस्थाले तोकेकाव्यक्तिहरुको शीप ज्ञान र क्षमताको आधारमा समूहनिर्माण गरिनेछ।

२. श्रमदानगर्ने समूहसंगै स्वास्थ्य टोलीपनि पठाईनेछ।

३. पहिलो समूहले आफ्नो तोकिएको समय सम्मकार्य सम्पन्नगरिसके पछि तुरुन्तै अर्को समूह पठाई प्रतिस्थापनगरिनेछ।

(ङ) **समन्वयः**

१. यो कार्यविधिबमोजिमतोकिएकाव्यक्तिले आफ्नो समूह नेता र समूहले स्थानीय पार्टी नेता, सरकारी संयन्त्रतथाजिल्लाविपद् व्यवस्थापन समिति र स्थानीय सरकारसँग समन्वयगर्नेछन्।

२. प्रत्येक समूहको समन्वयतथा संयोजन गर्ने पार्टी केन्द्रीय सदस्यले केन्द्रीय समिति र आवश्यकअन्यनिकायसंग समेत समन्वयगर्नेछन्।

३. समूहमा आवद्ध प्रत्येक व्यक्तिवा समूहका नेताले स्थानीयविवादवाकुनै पनि समस्याको समाधानआफै खोज्ने छन्।

(च) **प्रतिवेदन**

श्रमदानमा खटिएका प्रत्येक समूह नेताले आफूले सम्पन्न गरेको कार्य प्रगतिविवरणको संक्षिप्तप्रतिवेदनकार्य सम्पन्नभएको ७दिनभित्र केन्द्रीयकार्यालयमा पेश गर्नु पर्नेछ।